नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

<u>गैरआवासीय नेपाली नागरिकता प्राप्तिका लागि देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्दछ :</u>

क) अनुसुची ८ग. बमोजिमको सिफारिस, अनुसुची ८घ. बमोजिमको प्रतिबद्धतापत्र तथा अनुसूची ८च. बमोजिमको सपथ

ख) बाबुआमाको नागरिकताको प्रमाणपत्र, तीनपुस्ते विवरण सहितको प्रमाणहरु

ग) पती पत्नीको विवरण समेत राख्नुपर्ने हुँदा सोको नाता खुल्ने कागजात

घ) नेपाली नागरिकता त्याग गरेको प्रमाण

ङ) बाबु, आमा, बाजे, बज्यै साविकमा नेपाली नागरिक भई पछि विदेशको नागरिकता लिएको भए निजहरुको समेत नागरिकता परित्यागको निस्सा

च) सानैमा बिदेश गई उतैको नागरिकता लिएकाको हकमा नेपालको जन्मदर्ता, नाबालक परिचयपत्र तथा पासपोर्टको प्रतिलिपि

छ) बिदेशमा नै जन्म भएकाको हकमा Birth Registration लगायत बाबुआमासँगको नाता खुल्ने कागजात

ज) बिदेशी मुलुकको नागरिकता र पासपोर्टको प्रतिलिपि

झ) कार्यालयमा सनाखतको लागि निजको नजिकको नाताभित्रको नेपाली नागरिक आफ्नो नेपाली नागरिकताको प्रमाणपत्र र नाता खुल्ने विवरणसहित उपस्थित हुनुपर्दछ । यदि नजिकको नातेदार कोही नभएको अवस्थामा निजलाई चिन्ने नेपाली नागरिक आफ्नो नागरिकताको प्रमाणपत्र सहित उपस्थित भएर सनाखत गर्नुपर्दछ ।

ञ) कार्यालयले आवश्यक देखेमा थप विवरण समेत माग गर्न सक्नेछ ।

त्यस्तै नागरिकता वितरण गर्दै जाँदा आएका समस्याहरुलाई सम्बोधन गर्ने गरी गृह मन्त्रालयबाट केही विषयमा थप प्रष्ट्याइएको छ जस अन्तरगत:

क) अविवाहित अवस्थामा माइतीतर्फबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी साविकमा नेपालमा रहँदा अर्को जिल्लामा विवाह भएका र पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेका महिलाहरुको हकमा जुन जिल्ला प्रशासन कार्यालयबाट शुरु नागरिकता जारी भएको हो सोही कार्यालयबाट गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछन् ।

ख) नेपालमा रहँदा एउटा जिल्लाबाट नागरिकता लिई अर्को जिल्लामा बसाइँसराइँ गरेका र पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेका व्यक्तिहरुको हकमा बसाइँ सराई गरी आएको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछन् ।

**नोटः जुन जिल्लाबाट नागरिकता प्रमाणपत्र जारी भएको हो सोही जिल्लामा नागरिकता प्रमाणपत्र त्यागको लागि जानुपर्दछ ।**

**सहायक प्र.जि.अ**